# सप्तकोशी नगरपालिका

## कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६/७७


सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फत्तेपुर, सप्तरी

कार्यपालिकाबाट स्वीकृत मिति २०७७/०६/०६

# कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६/७७

**प्रस्तावनाः**

कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) को सङ्क्रमण रोकथाम, उपचार तथा नियन्त्रणलाई प्रभावकारी तुल्याउन घरमा नै सुरक्षित साथ बस्ने नीति र सो का लागि जारी देशव्यापी लकडाउन पालना गर्ने क्रममा उपभोग्य खाद्यान्न जुटाउन असमर्थ दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारीमा मजदुरी गर्ने मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई आवश्यक खाद्यान्न, राहत वा अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सप्तकोशी नगरपालिकाले यो "**कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६/७७**" तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस निर्देशिकाको नाम "कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६/७७" रहनेछ र यो निर्देशिका तुरून्त लागू हुनेछ।

**२. परिभाषा-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले "कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६/७७" सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले दफा ३ अनुसार गठित समिति सम्झनु पर्दछ।

(ग) "लक्षित समूह" भन्नाले दफा ३ अनुसार वडा अध्यक्षको संयोजकत्वमा गठित समितिले यकिन गरेको व्यक्ति वा परिवार सम्झनु पर्दछ।

(घ) "नगरपालिका" वा "नगर" भन्नाले सप्तकोशी नगरपालिकालाई सम्झनु पर्दछ।

**३. समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) को सङ्क्रमण रोकथाम, उपचार तथा नियन्त्रणलाई प्रभावकारी तुल्याउन घरमा नै सुरक्षित साथ बस्ने नीति र सो का लागि जारी देशव्यापी लकडाउन पालना गर्ने क्रममा दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारीमा मजदुरी गर्ने मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसान व्यक्ति वा परिवार पहिचान गर्न र समानुपातिक एवम् समन्यायिक तवरले यस निर्देशिका बमोजिम राहत वा अनुदान वितरण गर्ने कार्यको लागि प्रत्येक वडामा देहाय बमोजिमको एक समिति रहनेछः

क) सम्बन्धित वडा अध्यक्ष -संयोजक

ख) वडा भित्र रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरू -सदस्य

ग) वडामा रहेको सामुदायिक विद्यालयका प्रधानाध्यापक -सदस्य

घ) नेपाली सेनाको प्रतिनिधि -सदस्य

ङ) नेपाल प्रहरीको प्रतिनिधि -सदस्य

च) सशस्त्र प्रहरी बल नेपालको प्रतिनिधि -सदस्य

छ) सम्बन्धित वडा सचिव -सदस्य सचिव

(२) समितिले आफ्नो वडा भित्रका राहत उपलब्ध गराउनु पर्ने लक्षित समूहको पहिचान गरी अनुसूची-१ अनुसारको विवरण तयार गरी वडा कार्यालय लगायत सञ्चार माध्यममा समेत सार्वजनिक गरी सम्बन्धित नगरपालिकामा तुरून्त पठाउनु पर्नेछ। नगरपालिकाले नगर क्षेत्रको सूची एकीकृत गरी जिल्ला समन्वय समितिको कार्यालय र कोरोना भाइरस सङ्क्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषको सचिवालयमा पठाउनु पर्नेछ।

(३) समिति मार्फत् लक्षित समूहलाई वितरण गरेको खाद्यान्न राहत वा अनुदानको विवरण अनुसूची-२ अनुसारको ढाँचामा राख्नु पर्नेछ।

(४) समितिले लक्षित समूहलाई वितरण गरेको खाद्यान्न राहत वा अनुदानको विवरण नगरपालिकामा पठाउनु पर्नेछ।

(५) समितिले पठाएको अनुसूची-२ अनुसारको विवरणलाई नगरपालिकाले अनुसूची-३ अनुसारको ढाँचामा एकीकृत गरी कोरोना भाइरस सङ्क्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषको सचिवालयमा पठाउनु पर्नेछ।

(६) खाद्यान्न राहत वा अनुदान नगद वा वस्तुगत वा दुवै किसिमको हुन सक्नेछ।

(७) लक्षित समूहलाई खाद्यान्न राहत वा अनुदान उपलब्ध गराउँदा वस्तुगत रूपमा प्रति परिवार एक हप्ताका लागि १/२ लि. खाने तेल, १ के.जी. नुन तथा प्रति व्यक्ति एक हप्ताका लागि ३.५ के.जी. चामल, १/२ के.जी. दाल हुने गरी समानुपातिक र समन्यायिक रूपले वितरण गर्नु पर्नेछ।

(८) राहत हस्तान्तरण गर्दा हस्तान्तरण गर्ने र लिने व्यक्तिहरूको बीचको दूरी न्यूनतम ३ फिटको हुनु पर्नेछ।

(९) खाद्यान्न राहत वा अनुदान वितरण स्थलमा साबुन, पानी र स्यानिटाइजरको व्यवस्था गर्नु पर्नेछ र राहत वा अनुदान बुझ्नु अघि र पछि समेत हात धुनु पर्नेछ।

(१०) वडा कार्यालयले लक्षित समूह पहिचान समितिको रोहबरमा राहत वा अनुदान वितरण गर्नु पर्दछ।

**४. राहत वा अनुदान वितरणको मापदण्डः**

(१) लक्षित लाभग्राही वा परिवारको पहिचान गर्दा देहायका आधारहरू अवलम्बन गरिनेछः

क) परिवारका कुनै पनि सदस्य प्रशासनिक र सार्वजनिक पदमा नरहेको,

ख) घरायसी/पारिवारिक कुनै रोजगार, पेशा वा व्यवसाय र आम्दानीको स्रोत वा वेतनभोगी नभएको,

ग) दैनिक ज्याला मजदुरी गर्ने बाहेक अन्य कुनै आय स्रोत नभएको,

घ) सरकारी वा सार्वजनिक वा कुनै संघसंस्थाबाट तलब, पेन्सन वा अन्य आय आर्जन नभएको।

(२) नगरपालिकालाई प्राप्त हुने स्रोतको आधारमा राहत वा अनुदान वितरण हुनेछ।

(३) उपदफा (१) मा उल्लेख भएको आधारमा लक्षित समूहको सूची तयार भएपछि मात्र राहत वा अनुदान परिचालन हुनेछ।

(४) नगरपालिकाले आफूले प्राप्त गरेको स्रोत साधनहरू लक्षित समूहलाई वितरण गरी सो को विवरण जिल्ला समन्वय समितिको कार्यालय र प्रदेश सरकारको कोरोना भाइरस सङ्क्रमण रोकथाम, उपचार तथा नियन्त्रण कोषको सचिवालयमा पठाउनु पर्नेछ।

**५. अनुगमन र मूल्याङ्कन व्यवस्थाः**

(१) खाद्यान्न राहत वा अनुदान वितरणको अनुगमन र मूल्याङ्कनको कार्य नगरपालिका तथा सम्बन्धित निकायहरूबाट हुनेछ।

**६. राहत वा अनुदान वितरणको सार्वजनिकीकरण, लेखा र लेखा परीक्षणः**

(१) यस निर्देशिका अनुसार राहत वा अनुदान वितरणको सम्पूर्ण विवरण प्रत्येक वडा कार्यालय र नगरपालिकाले सुरक्षित राख्नु पर्नेछ र सो को विवरण वडा कार्यालय र नगरपालिकाले समेत लिखित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

(२) यस निर्देशिका अनुसार राहत वा अनुदान वितरणको लेखा र लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

**७. निर्देशन दिन सक्नेः**

(१) यस निर्देशिकाको कार्यान्वयनको सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**८. निर्देशिकाको खारेजीः**

(१) नेपाल सरकार तथा प्रदेश सरकारले यस निर्देशिकाको उद्देश्य बमोजिम कार्य समाप्त भएको वा कार्यक्रमको औचित्य नभएको वा उक्त रोगको सङ्क्रमणको अवस्था नरहेको भनी राहत कार्यक्रम स्थगित गरेको अवस्थामा बाँकी रकमको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र यो निर्देशिका स्वतः खारेज भएको मानिनेछ।

**अनुसूची-१**

राहत वा अनुदान उपलब्ध गराउनु पर्ने लक्षित समूहको विवरण

**जिल्ला:** सप्तरी **स्थानीय तहको नाम:** सप्तकोशी नगरपालिका **वडा नं.:** **गाउँ/टोल:**

**वडा अध्यक्षको नाम:** **वडा सचिवको नाम:**

**सङ्कलित मिति:**

| सि.नं. | घरमूलीको नाम/थर | परिवार संख्या | खाद्यान्न | अन्य वस्तु | नगद | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

वडा अध्यक्षको हस्ताक्षर

मोबाइल नं.

वडा सचिवको हस्ताक्षर

मोबाइल नं.



## अनुसूची-२

राहत वा अनुदान उपलब्ध गराइएका लक्षित समूहको विवरण

**जिल्लाः** सप्तरी **स्थानीय तहको नामः** सप्तकोशी नगरपालिका **वडा नं.ः** **गाउँ/टोलः**

**वडा अध्यक्षको नामः** **वडा सचिवको नामः**

**राहत वितरण मितिः**

| सि.नं. | घरमूलीको नाम/थर | परिवार संख्या | खाद्यान्न | अन्य वस्तु | नगद | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

वडा अध्यक्षको हस्ताक्षर
मोबाइल नं.

वडा सचिवको हस्ताक्षर
मोबाइल नं.

## अनुसूची-३

राहत वा अनुदान उपलब्ध गराइएका लक्षित समूहको विवरण

**जिल्लाः** सप्तरी **स्थानीय तहको नामः** सप्तकोशी नगरपालिका

**नगर प्रमुखको नामः** **राहत वितरण मितिः**

| सि.नं. | घरमूलीको नाम/थर | परिवार संख्या | खाद्यान्न | अन्य वस्तु | नगद | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |

नगर प्रमुखको हस्ताक्षर
मोबाइल नं.

प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर
मोबाइल नं.